**नेपाल नागरिक उड्डयन प्राधिकरण**

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

**सिभिल ईन्जिनियरिङ्ग महाशाखा, गौचर, काठमाडौं ।**

## सिलवन्दी बोलपत्र आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७३/०२/१९)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय अन्र्तगत निम्न कार्य ठेक्काको माध्यमबाट गराउन पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त फर्महरुवाट सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

| कामको बिवरण/ठेक्का नम्बर | लागत अनुमान (मू.अ.कर बाहेक) | बिड वण्ड मान्य अवधि | बोलपत्र फाराम दस्तुर (मू.अ.कर समेत) | बिड वण्ड रकम |
|---|---|---|---|---|
| "Deep Boring in the North/West Field of TIA Land with Hydrant, Contract No.: TIACAO/CED/16/072-73" | रु.५३,३३,२९७।३४ | १२० दिन | रु.१,१३०।- | रु.१,६०,०००।- |

१. वोलपत्र फाराम त्रि.अ.वि.ना.उ.कार्यालयको गौचर स्थित रा.बा.बैंक एयरपोर्ट शाखामा रहेको चल्ती खाता नं.५८ मा माथि उल्लेखित रकम (फिर्ता नहुने) जम्मा गरी सो को सक्कल भौचर त्रि.अ.वि.ना.उ.का, राजश्व शाखामा बुझाई कर बिजक लिई आवश्यक कागजात (हालसम्म अध्यावधिक भएको फर्म दर्ता, आयकर दर्ता, मुल्य अभिबृद्धि कर, कर चुक्ता प्रमाणपत्रहरुको) प्रमाणित प्रतिलिपि सहितको निवेदन पेश गरी प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिन अर्थात मिति २०७३।०३।१६ गते सम्म कार्यालय समयभित्र त्रि.अ.वि.ना.उ.का., सिभिल ईन्जिनियरिङ्ग महाशाखाबाट खरिद गर्न सकिनेछ । फाराम खरीद गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र सोही महाशाखाबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न पाउने अन्तिम दिनको भोलिपल्ट अर्थात ३१ औं दिन मिति २०७३।०३।१७ गते दिनको १२:०० बजे भित्र त्रि.अ.वि.ना.उ.का., सिभिल ईन्जिनियरिङ्ग महाशाखामा दाखिला गर्नुपर्नेछ । दाखिला गर्ने अन्तिम दिन विदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन सोही समयभित्र दाखिला गर्नु पर्नेछ ।

३. बोलपत्र पेश गर्दा खामको बाहिरपट्टी सम्वन्धित कामको शिर्षक/विवरण लेखी कार्यालयलाई सम्बोधन गरी लाहाछाप सहितको खामबन्दी गरी उपरोक्त वमोजिम तोकिएका ठाउँमा दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्र फारामको BOQ मा अंक र अक्षरमा दररेट प्रष्टसँग लेखि रितपूर्वक भरि सहीछाप समेत गरी पेश गर्नुपर्नेछ । कुनै ठाउँमा केरमेट भएमा केरमेट गरेको अंक अक्षर प्रष्ट बुझिने किसिमले काटी सच्याई सो ठाउँमा सहीछाप समेत गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. नियमानुसार दाखिला हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे यस सिभिल ईन्जिनियरिङ्ग महाशाखामा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा वा उपस्थित नभएमा पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

६. बोलपत्र साथ बोलपत्रदाताले जमानत वापतको माथि उल्लेखित रकम रा.बा. बैंक त्रि.अ.वि. शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ७० मा जम्मा गरेको सक्कल बैंक भौचर वा दाखिला गर्ने अन्तिम दिन देखि घटीमा १२० दिन जमानी अवधि भएको, यस त्रि.अ.वि.ना.उ.का. गौचर, काठमाडौंको नाममा जारी भएको बैंक जमानी पत्र (Bid Bond) दाखिला गर्नु पर्नेछ ।

७. बोलपत्र साथ कुनै शर्त प्रस्तावित गरेमा यस कार्यालयलाई मान्य हुने छैन ।

८. उपरोक्त बमोजिमका शर्तहरु पालना नभएको र अन्य रित नपुगी आएको बोलपत्र उपर कुनै पनि कार्यवाही गरीने छैन ।

९. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सूचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ एवम् नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

११. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा जानकारी लिनु परेमा कार्यालय समयभित्र यस त्रि.अ.वि.ना.उ.का., सिभिल ईन्जिनियरिङ्ग महाशाखामा सम्पर्क राख्न सकिने छ ।